# नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, २०७९

स्विकृत मिति : –२०७९।०३।३१

## नेचासल्यान गाउँपालिका

गाउँकार्यपालिका कार्यालय

१ नं. प्रदेश, सोलुखुम्बु ।

# नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

**प्रस्तावना :** नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नेचासल्यान गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"नेचासल्यान गाउँपालिकाको विनियोजन ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन  २०७९ श्रावण १ गते देखि लागु हुनेछ ।

**(२) आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, बिषयगत अनुदान आन्तरिक आम्दानी र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४६,०५,६४,०३०.०० (अक्षेरुपी छयालिस करोड पाँचलाख चौसठ्ठि हजार तिस रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त नेचासल्यान गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत

साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) अनुसूची २ मा रहेको ब्यय अनुमानका आधारमा गाउँपालिकाले चालु र पुंजीगत शिर्षकबाट हुने खर्चहरु र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्च गर्नेछ । तर ससर्त अनुदानको चालु तथा पूँजिगत खर्चको हकमा बिषयगत शाखा चालु तथा पुंजीगत खर्च शिर्षक अनुसार नै खर्च गरिने छ ।

५) बजेटमा ब्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ३ बमोजिम गर्नेछ । साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमती लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।

६. यस ऐन पारित हुनु भन्दा अगाडि यस गाउँपालिकाबाट भएका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसुची -१

(दफा २(१) संग सम्बन्धित)

आर्थिक बर्ष २०७९/०८० को अनुमानीत आय विवरण

| क्र.सं. | श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघिय सरकार | | |
| १.१ | सर्सत अनुदान | २१४,८००,०००.०० | |
| १.२ | वित्तिय समानिकरण अनुदान | १३०,८००,०००.०० | |
| १.३ | राजश्व बाँडफाँड | ६१,०६८,०००.०० | |
| १.४ | संघिय समपुरक अनुदान | - | |
| २. | प्रदेश सरकार | | |
| २.१ | सर्सत अनुदान | - | |
| २.२ | प्रदेश सरकार वित्तिय समानिकरण | ७,१७६,०००.०० | |
| २.३ | प्रदेश राजश्व बाँडफाँड | २,०२०,०३०.०० | |
| २.४ | समपुरक अनुदान | १०,०००,०००.०० | |
| ३ | मालपोत रजिष्ट्रेसन बापत | ५००,०००.०० | |
| ४ | आन्तरिक श्रोत | ९२,००,०००.०० | |
| ५ | चालु आ.व. बाट संचितकोषमा जाने | २,५०,००,०००.०० | |
| | जम्मा रकम | ४६,०५,६४,०३०.०० | |

अनुसुची - २

(दफा ३(४) संग सम्बन्धित)

२. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७९/०८० मा चालु, पुँजीगत र सशर्त अनुदानबाट हुने आय विवरण :

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७९/०८० को व्यय विवरण | | कैफियत |
|---|---|---|
| कार्यक्रम | विनियोजित रकम | |
| चालु तर्फ खर्च | | |
| पुजीगत तर्फ | | |
| जम्मा | | |

(दफा ३ (५) संग सम्बन्धित) अनुसुची - ३

३. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७९/०८० को संघ संस्थाहरुको बजेटबाट हुने व्यय विवरण :

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०७९/०८० को व्यय विवरण | | कैफियत |
|---|---|---|
| कार्यक्रम | विनियोजित रकम | |
| Reed | | |
| ग्रामिण विकास संस्था | १,१७,४६,६१२.० | |
| एफआईडिआर | १,४५,५५,०००.० | |

| | | |
|---|---|---|
| जम्मा | २,६३,०१,६१२.० | |